# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## खप्तड छेडेदह गाउँपालिका
## बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं.४२९

मिति: २०७७/३/२६

श्री अध्यक्षज्यू,
खप्तड छेडेदह गाउँकार्यपालिकाको,कार्यालय,
डोगडी, बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०.२ बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np
Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : ०७६।७७
च.नं :४३८

मिति : २०७७।३।२६

श्री अध्यक्षज्यू,
खप्तड छेडेदह गाउँपालिका, बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले खप्तड छेडेदह गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यसंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड १२ लाख ७९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु९ लाख ९० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८६ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८९ लाख ४९ हजार र पेश्की बाँकी रु. २६ लाख ४१ हजाररहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना१४ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# खप्तड छेडेदह गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अन्तर्गत ७ वडा रहेको, ३९ सभा सदस्य, १३५ बर्ग कि.मी. क्षेत्रफल, घरधुरी सर्वेक्षण २०७४ बमोजिम २२१३५ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६९ र ७२ वमोजिम खप्तड छेडेदह गाँउपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आयतर्फ | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | यस आवको रु. | सि. नं. | विवरण | खर्च रु. | यस आवको रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **पूँजीगत खर्च** | | १००६३०४२७.०० |
| | क) नगद | | २ | **चालु खर्च** | | ५३८६९२४१.७१ |
| | ख) बैंक | १९२६८२५८.०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | २७५४३५६.८६ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ४९२१०३१४.१५ | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १०८४०००००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | | अन्य लगानी | | |
| | संस्थागत विकास | २५००००.०० | ५ | **धरौटी फिर्ता** | २६०९४९३.०० | |
| | कृषि | ४३४६०००.०० | ६ | **कोष खर्च** | | |
| | पशु | ७३७०००.०० | | संस्थागत विकास | ९९८६३.०० | |
| | वन | १०००००.०० | | कृषि | १२७५४२०.०० | |
| | खेलकुद | १०००००.०० | | पशु | २९८२१०.०० | |
| | शिक्षा | ८७६९५०००.०० | | वन | १०००००.०० | |
| | स्वास्थ्य | २१३२९७५०.०० | | खेलकुद | १०००००.०० | |
| | खानेपानी | १८६०००.०० | | शिक्षा | ८४०२४९५७.०९ | |
| | पूर्वाधार विकास | १४६५०००.०० | | स्वास्थ्य | १७२५६४८३.३० | |
| | महिला विकास | ८०८०००.०० | | खानेपानी | १८६०००.०० | |
| | ग) समपूरक अनुदान | २०२१९०००.०० | | पूर्वाधार विकास | ११७३०००.०० | |
| | घ) विशेष अनुदान | २००००००००.०० | | महिला विकास | २०९४९१.२० | |
| | जेष्ट नागरीक तथा दृघ सेवा | ३६५८५०००.०० | | ग) समपूरक अनुदान | १३०३६४९.०० | |
| | एल जी सी डी पी | ३०५०००.०० | | घ) विशेष अनुदान | ०.०० | |
| | गरीवसंग वी पी | ३९४०००.०० | | जेष्ठ नागरीक तथा दिर्घ सेवा | ३१८६७०००.०० | |
| | प्रधानमन्त्री रोज्गार | ५०५४०००.०० | | एल जी सी डी पी | ३०५०००.०० | |
| | उपचार खर्च | ७०२९५४.०० | | गरीवसंग वी पी | ३९४०००.०० | |
| | संचीत घर तथा वीरामी वीदा | ४४८१८०.०० | | प्रधानमन्त्री रोजगार | ४४७१६८४.०० | |
| | स्थानीय वीकास पुर्वधार | ४२०००००.०० | | उपचार खर्च | ७०२९५४.०० | |
| | झोलुङ्गे पुल | ३२०००००.०० | | संचीत घर तथा विरामी वीदा | ४४८१८०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बहुक्षेत्रीय पोषण | १३५००००.०० | | स्थानीय विकास पुर्वधार | ३७८०२६२.०० | |
| | क्षे.शी.नि.सु.प. | ६७००००.०० | | झोलुङ्गे पुल | ७०१४४५.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | बहुक्षेत्रीय पोषण | १३५००००.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | ६८३३०००.०० | | प्रदेश समानीकरण | ६३७९९२३.०० | |
| | ख) सशर्त अनुदान | | | ससर्त अनुदान फिता  नेपाल सरकार | १२२६५१८८.०० | |
| | ग) समपूरक अनुदान | | | जेष्ट नागरीक तथा दृघ सेवा फिता | ४७१८०००.०० | |
| | घ) विशेष अनुदान | | | प्रधानमन्त्री रोज्गार फिता | ५८२३१६.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | विशेस अनुदान फिता | २००००००००.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | समपुरक अनुदान फिता | १८९१५३५१.०० | |
| | क) ऋण प्राप्ति | | | झुलंग्य पुल फिता | २४९८५५५.०० | |
| | ख) साँवा प्राप्ति | | | स्थानीय वीकास पुर्वधार फिर्ता | ४१९७३८.०० | |
| | ग) ब्याज प्राप्ति | | | फीनल्याण्डको सोझै भुक्तानी फीर्ता | २८१३७.०० | |
| | घ) अन्य प्राप्ति | | | क्षे.शी.नि.सु.प. | ६७००००.०० | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ७ | **जम्मा** | | २१९१३४२९९.६० |
| ८ | **जनसहभागिता (नगद)** | | | क) नगद मौज्दात | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | ख) बैंक मौज्दात (मुलखाता) | | २५१६३३३७.७० |
| १० | **धरौटी आय** | ६४२२१०८.०० | | धरौटी बांकी | | ३८१२६१५.०० |
| ११ | **लगानीको साँवा फिर्ता** | | | राहत व्यवस्थापन कोष | | ४२३०००.०० |
| | **जम्मा** | **४०३०३२९२१.०१** | | **जम्मा** | | **४०३०३२९२१.०१** |

**राजस्वतर्फः**

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|
| | | | | नगद | वैंक |
| १ | १५१११ | ३९०६३.०० | ३९०६३.०० | ० | ० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा गाँउपालिकाले कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । सो कार्यान्वयन गर्नु गराउनुपर्दछ । | |
| २. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो को पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ४. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ गाँउपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि गाउँपालिकामा स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस गाउँपालिकाले २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम गाउपालिकाले यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>गाँउपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| ५. | **भुक्तानी भएको छाप :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) बमोजिम कुनै रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालय प्रमुखले तोकेको कर्मचारीले “भुक्तानी भएको” छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिका कार्यालयको आर्थिक कारोवारको संचालन गर्दा उक्त प्रक्रिया पूरा गरेको देखिएन । तसर्थ कानूनमा भएको व्यवस्थालाई व्यवहारमा लागू गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ६. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्थालाई कार्यान्वयन गरी खरिद कार्य प्रतिस्पर्धी, गुणस्तरीय र मितव्ययी बनाउनुपर्दछ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सो बमोजिम आवश्यक व्यवस्था गरेको छैन । | |

८. **वडा संचालन खर्च :** खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक निश्चित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि ७ सम्मको न्यूनतम ६६७९३। देखि अधिकतम ७२७००।०० सम्म खर्च गरेको सोधभर्ना खर्च रु. ९५२०३१। खर्च लेखेको छ ।

| वडा नं. | खर्चको प्रकृति | रकम रु. |
|---|---|---|
| १ | चिया, खाजा, स्टेशनरी, अन्य | ६३७९३.०० |
| २ | चिया, खाजा, स्टेशनरी, अन्य | १६२२००.०० |
| ३ | चिया, खाजा, स्टेशनरी, अन्य | १३९४००.०० |
| ४ | चिया, खाजा, स्टेशनरी, अन्य | १७२५१६.०० |
| ५ | चिया, खाजा, स्टेशनरी, अन्य | १४९१०८.०० |
| ६ | चिया, खाजा, स्टेशनरी, अन्य | १३५३१४.०० |
| ७ | चिया, खाजा, स्टेशनरी, अन्य | १२९७००.०० |
| | **जम्मा** | **९५२०३१.००** |

उल्लेखित खर्चमा तादम्यता र एकरुपता देखिएन । वडा नं. १ ले रु. ६३७९३। खर्च लेखेको छ भने वडा नं ४ ले रु. १७२५१६। खर्च लेखि झण्डै तेब्बरको दरमा खर्च गरेको देखियो तसर्थ यस्ता अनुत्पादक खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

९. **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

१०. **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाँउपालिकाले आन्तरिक लेखापरिक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्युनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

११. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको गाँउस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्न नियमानुसार प्रगति विवरण तयार गर्नुपर्ने देखियो । छलफल गर्दा प्राप्त सूचनाको आधारमा यो वर्ष मुख्य रुपले विद्यालय भवन ७, वटा खानेपानी २, स्थानमा तटवन्ध ४ स्थानका साथै वडा नं. ७मा यस पहिले भईसकेको र अन्य ६ वडामा आर्थिक वर्ष २०७४/७५ मा डि.पी.आर. गरेको र वडा नं. ३ को केहि भाग बाहेक डि.पि.आर गरेको सम्पूर्ण सडकको ६८ किलोमिटर ट्र्याक ओपन भएको छ । वडा नं. ३ भवानी मा. विको भवन निर्माण कार्य भने शुरु भएको छैन ।

१२. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १६.४१ प्रतिशत, दोश्रो चौमासिकमा २९.८४ प्रतिशत र तेश्रो चौमासिकमा ४९.१० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा २४.१५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१३. **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) गाँउपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

१४. **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाँउपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा

पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दी शिक्षक समेत देहायनुसार २१४ स्वीकृत रहेकोमा हाल जम्मा १०९ जना स्थायी, ४६ करार र ३७ राहत शिक्षक समेत रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गाँउपालिका र वडा कार्यालय | ३३ | ३ | १८ | ० | २१ |
| २ | कृषि र पशु | ६ | १ | ३ | ० | ४ |
| ३ | स्वास्थ्य | ३० | २२ | ० | ० | ० |
| ४ | स्वास्थ्य तर्फ कार्यक्रमबाट | १० | ० | १० | ० | १० |
| ५ | शिक्षक | १३३ | ८३ | १३ | ३७ | १३३ |
| ६ | पोषण र गरिवसँग विश्वेश्वर कार्यक्रम | २ | ० | २ | ० | २ |
| | **जम्मा** | **२१४** | **१०९** | **४६** | **३७** | **१७०** |

१५. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाँउपालिकाले यस आ.व.मा राजस्व रु. ११ लाख ५ हजार उठाउने लक्ष्य राखेकोमा ११७३३१२।१५हजार संकलन गरेको देखियो । यसमा टेण्डर विक्रीको करिव रु. ४ लाख समेत समावेश छ । राजश्वको अभिलेख राख्न रसिद नियन्त्रण खाता दैनिक राजश्व आम्दानी विवरण एंव मालपोतको लागत समेत कायम गरी स्पष्ट श्रेस्ता राख्नुपर्नेमा वडाबाट प्राप्त भएका रसिदहरु समेत एकिन गरी व्यवस्थित हिसाव नराखेकोले यसमा शिध्र सुधार हुनुपर्दछ ।

१६. **मध्यकालीन खर्च संरचना:-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१७. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस गाँउपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

१८. **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

१९. **सडकको अधिकार क्षेत्र तोक्न सक्ने :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way ) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२०. **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस गाँउपालिकाले देहाय बमोजिम रु. ४६८२२००। सुविधा वापत भुक्तानी भएको छ ।

| क्र. सं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३६००००.०० | ३०००००.०० | १६८००००.०० | ४८००००.०० | १४४००००.०० | ४२६००००.०० |
| २ | सञ्चार सुविधा (वार्षिक) | १३२००.०० | १२०००.०० | ४२०००.०० | ०.०० | ०.०० | ६७२००.०० |
| ३ | चाडपर्व खर्च | ०.०० | ०.०० | १४००००.०० | ४००००.०० | १२००००.०० | ३०००००.०० |
| | जम्मा | ३७३२००.०० | ३१२०००.०० | १८६२०००.०० | ५२००००.०० | १५६००००.०० | ४६२७२००.०० |

२१. **विल भरपाई नरहेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिबाट डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी संझौताको आधारमा भाडा मानी १० प्रतिशत बहाल कर कट्टा गरेको देखियो । बाँकी योजनाहरुमा वहाल कर १० प्रतिशत कट्टा नगरेको भए सो एकिन गरी कट्टा गर्नुपर्दछ । साथै, आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ ।

| **क्र.सं** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| १ | बाविया - जयवागेश्वरी सडक निर्माण | ३४०००००.० |
| २ | डाव खप्तड सडक निर्माण रनिङ विल | २४०००००.० |
| ३ | हाटवजार - स्याउले बजार कृषि सडक | ७०००००.० |
| ४ | आटीचौर घटालेश्वरी सुदाडा सडक | ८०००००.० |
| ५ | गुदु भवानी गैराखाद सडक निर्माण | ३४०२३१४.० |
| ६ | रान देखि साङ्ग्रा सडक निर्माण | १८३८०००.० |
| ७ | खप्तड आवि (तारजाली) | २२३३५७.० |
| | जम्मा | १२७६३६७१.०० |

२२. **बढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आटिचौर घलाटेश्वरी सुदाडा सडक निर्माणमा आइटम नं. ३ ग्याविन जाली ५६ वटा प्रयोग गर्न खरिद गरेको विल संलग्न गरेकोमा सो अनुसार उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा खरिद गरेको संलग्न विल भन्दा ६६ वटा प्रति इकाई मूल्य रु. ३२८४। ले हुने रु.२१६७४४। र तारजालीमा भरिने ढुङगाको ६६ क्युविक मिटरको प्रति इकाई रु. १९३४। हुने रु. १२७६४४। बढी भुक्तानी गरेको देखियो । बढि भुक्तानी भएको रु. ३४४३८८। असुल हुनुपर्ने रु. ३४४३८८.००

२३. **मर्मत सम्भार खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले एकपटक गठित उपभोक्ता समितिबाट भएको कामको एक वर्ष भुक्तान नहुदै २१ वटा आयोजनाको मर्मत गर्न अर्को नयाँ उपभोक्ता समिति गठन गरी रु. १,३१,४०,४२४। को काम गराएको देखियो । यसका केहि उदाहरणहरु तालिकामा प्रस्तुत छन । उपभोक्ता समितिले गरेको कार्यबाट अपनत्व सृजना भई स्वयम् दिगो मर्मत र व्यवस्थापन हुनुपर्नेमा सो नभई पालिकाको ठूलो धनराशी खर्च भएको छ । यसबाट विगतमा गरिएका कामहरु गुणस्तर युक्त नभएको, आवश्यक अनुगमन नभएको तथा कामको प्रभावकारीता हासिल नगरेकोले यसतर्फ कार्यालयले ध्यान दिई उपभोक्ता समितिबाट हुने कार्यमा अपनत्व सृजना हुने, दिगो व्यवस्थापन गर्ने, मर्मत संभार जिम्मेवारी पनि स्वयम् उपभोक्ता समितिलाई नै दिनुपर्नेमा सो अनुसार हुन नसकेको रु. १३१४०४२४.०

| **क्र.सं** | **विवरण** | **भुक्तानी रु.** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | वडा नं. ६ पहिरोमा बाटो मर्मत | १०६७०००.०० |
| २ | आटिचौर माइतोला सडक मर्मत | १४५५०००.०० |
| ३ | गुदु थाम सडक ग्याविन कार्य मर्मत | १४५५०००.०० |
| ४ | चाल्सा हाटवजार दोगडी मर्मत | १४५५०००.०० |
| ५ | स्याउले हाटवजार मर्मत कार्य | १२६१०००.०० |
| ६ | जिगिने बार्जु सडक मर्मत | ७२१०४७.०० |
| | जम्मा | ७४१४०४७.०० |

| | | |
|---|---|---|
| २४. | **जग्गा खरिद :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउपालिका वा नगरपालिकाले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ती गर्नुपर्ने हुनसक्छ । यसरी जग्गा प्राप्ती गर्नुपर्ने अवस्थामा अर्को व्यवस्था नभए सम्मका लागि जग्गा प्राप्ती ऐन, २०३४ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ ले तोकेको प्रकृया पुरा गरी स्थानीय तहको लागि जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ । पालिकाले कुनै परियोजना कार्यान्वयनका लागि  आवश्यक जग्गा प्राप्ती गर्दा स्थानीय तह ,साविकको स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जग्गा प्राप्ती प्रकृया अगाडी बढाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकीदिन मन्त्रालयमा अनुरोध पठाउदा परियोजनाका लागि आवश्यक जग्गा निशुल्क रुपमा प्राप्तीको प्रयास भएको र सो बमोजिम आवश्यक जग्गा उपलब्ध हुन नसकेको व्यहोरा खुल्ने सहितको कागजात संलग्न गरि पठाउन मिति २०७५।२।१३ मा स्थानीय तहका लागि आवश्यक जग्गा प्राप्ती गर्ने प्रकृया सम्वन्धि परिपत्र गरेकोमा सो सम्वन्धि कारवाही नगरि गाँउपालिकाले १० जनाबाट रु. १३२७९२०। मा ३०१४ वर्ग कि.मी. खरिद गरेको देखिएको अनियमित रु. | १३२७९२०.०० |
| २५. | **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी व्यवस्था नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया व्यवस्थितनहुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ । | |
| २६. | **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. सुदुरपश्चिमले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु.४६,८२,२००।०० खर्च लेखेको देखियो । | |
| २७. | **व्यक्तिको नाममा चेक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (८) मा आपूर्तिकर्ता, सेवाप्रदायक वा परामर्शदातालाई पच्चीस हजार रुपैंया भन्दा बढि रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले २५ हजार देखि १ लाख सम्मका २१ वटा परीक्षण गरेका भौचरबाट रु. १००२१६२। नियममा भएको व्यवस्था विपरित भएको भुक्तानी नियमित हुनुपर्ने रु. | १००२१६२.०० |
| २८. | **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । गाँउपालिकाका लेखापाल दान बहादुर थापाले ९६ दिन भ्रमणमा खटिदा स्थानीय भत्ता रु. २४६७२। भुक्तानी दिएको दिएको देखियो । नियम विपरित भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | २४६७२.०० |
| २९. | **भेरिएसन** : सार्वजनिक खरिद ऐनको दफा ५४(१)(घ) मा १५ प्रतिशतभन्दा माथि २५ प्रतिशतसम्मको भेरिएसन आदेश सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको निकाय प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था | |

छ । गाँउपालिकाले आटिचौर घलाटेश्वरी सडकको भुक्तानी गर्दा सफ्ट माटो कटानमा ल.ई मा १८१० क्यु.मि. भएकोमा १९३ प्रतिशत बढि ५३१२ क्यू.मि.को रु. ३७१२१२, कडा माटो कटानमा ल.ई. मा ९४८ क्यू.मि. भएकोमा ७० प्रतिशित बढि १६०६ क्यू.मि. को रु. ८९४८८। र अडिनरी रकमा ल.ई. मा ५१९ क्यु.मि. भएकोमा ६६ प्रतिशत बढि ८६२ क्यू.मि. को रु. ११४७५। भएको देखियो । साथै, आइटम नं. ३.२ मा रहेको नदि डाइभर्सन र आइटम नं. ३.३ मा रहेको ढुङ्गाको वाल सिमेन्ट वालुवा १ : ६ को कार्य नभएको देखियो । यसबाट आयोजनामा थप व्यभार तथा अधुरो रहेको छ । आयोजनाको लागत अनुमान तयारीमा पर्याप्त ध्यान नदिएको कारणले भेरिएसन हुन गएको देखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु. **५७२१७५.००**

३०. **लगानी :** सार्वजनिक निकायले स्थानीयस्तरमा सेवा विक्री गरी दिर्घकालीन नाफा कमाउन सक्ने योजनालाई अनुदान दिनु भन्दा लगानी गर्नु उपयुक्त हुन्छ । कार्यालयले देहायका दिर्घकालीन नाफामुलक योजनालाई भुक्तानी गर्दा लाभको हिस्सा एकिन नगरेको तथा संचितकोषमा देखाएको छैन । दीर्घकालसम्म कायम रहने यस्ता योजनामा लगानी गर्दा लगानीलाई सञ्चित कोषमा देखाउने, लागत लाभको विश्लेषण गरेर लगानी गर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख गर्ने, सम्झौताका कागजात सुरक्षित र भरपर्दो राख्ने, सेयरप्रमाण पत्र लिने, लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन बनाउने कार्य गनुपर्ने देखिन्छ । लगानीको हिस्सा, सम्झौता तथा आर्थिक विवरणमा देखाउनुपर्ने देखिएको रु. **२८९५८०३.००**

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| १ | २१५-०७६/३/२२ | चिराल्ना डोगडा लघस जलविद्युत्त | १३८७२०३.०० |
| २ | २६१-०७६/३/२९ | ऐरेडिगाड लघुजलविद्युत्त | ९०८६००.०० |
| ३ | स.स.ह.यो.७-०७६/३/२२ | चिराल्ना डोगडा लघस जलविद्युत्त | ६०००००.०० |
| | | **जम्मा** | **२८९५८०३.००** |

३१. **प्रमाण पेश गर्नुपर्ने :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट भएको निम्नानुसारका भूक्तानीमा राख्नुपर्ने प्रमाण नदेखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु. **९७१४००.००**

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १ | १७१-०७६/२/२७ | वडा अध्यक्ष मिन ब. शाहि पाइप खरिद | १३८४००.० | वितरण भरपाई |
| २ | २४९-०७६/३/२८ | देवस्थली मावि फर्निचर खरिद | ८३३०००.० | दाखिला प्रमाण |
| | | जम्मा | ९७१४००.० | |

३२. **खरिद व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथमचौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवको तेस्रो चौमासिकमा सूचना प्रकाशन गरि देहाय बमोजिम खरिद कार्य गरेको देखियो ।

| क्र. सं. | कार्यक्रमको नाम र ठेक्का नम्वर | बोलपत्र विक्री संख्या | बालपत्र दाखिला संख्या | लागत अनुमान ( मुअकर बाहेक) | स्वीकृत रकम | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | छेडेदह थामलेख सडकस्तरोन्नती | ३२ | २ | ४२९७३६२.० | ४२९७२५७.० | ०.०० |
| २ | डुङ्ग्रीखोला-छडीपातल सडक स्तरोन्नती | ३६ | ३ | ४३०६५०४.० | ४३०३८९०.० | -०.०६ |
| ३ | अधेरीखोला-छडीपातल सडक स्तरोन्नती | ३५ | ३ | ४३०५०४२.० | ४२८८७०९.० | -०.३८ |
| ४ | आटिचौर - छेडेदह सडक स्तरोन्नती | ३२ | ३ | ४३०८८०२.० | ४३०६०६१.० | -०.०६ |
| ५ | मैरेखोला जयवागेश्वरी रान सिङ्गडा सडक स्तरोन्नती | १२ | १२ | ८७९४०५८.० | ४३४२१३४.० | -५०.६२ |
| ६ | भवानी मावि विद्यालय निर्माण | ४ | ४ | ८६१३८०३.० | ५१७८९७३.० | -३९.८८ |

कार्यालयले क्रमसंख्या १ देखि ४ सम्म ई-टेण्डरिङ नगरेको हुँदा बोलपत्र विक्री संख्याको तुलनामा दाखिला न्यून रहेको छ । साथै, स्वीकृत रकम लागत अनुमानसँग ज्यादै नजिक रहेको छ । ई-टेण्डरिङ गरेका क्रमसंख्या ५ र ६ मा लागत अनुमानको तुलनामा सम्झौता रकम उल्लेख्य घटि देखिन्छ । यसको आधारमा हेर्दा ई-टेण्डरिङ गरिएको समान प्रकृतिको सि.न. ४ को घटि प्रतिशतलाई आधार लिई विश्लेषण गर्दा रु. ८६०८८५५। अनावश्यक बढि व्ययभार पारेको देखिएको रु. **८६०८८५५.००**

३३. **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवमा उपभोक्ता समितिबाट लागत अनुमान ५ लाख भन्दा बढि भएका रु. ८४०९७१६९। का ६७ योजनाहरु हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजना हस्तान्तरण गर्ने, हस्तान्तरण पश्चात मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, विमा गर्ने, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको

विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ ।

३४. **कण्टिजेन्सी खर्च :** कण्टिजेन्सीबाट मूलत सम्वन्धित योजनासँग सम्वन्धित सानातिना खर्चमा खर्च गर्ने व्यवस्था गरेको भएपनि कार्यपालिकाको निर्णय एंव गाँउसभाको निर्णयानुसार ५ वटा योजनाको डिजाइन र इष्टिमेट तयार गर्न रु. ४ लाख ३५ हजार, भलिवल खेलमा रु. २ लाख, साक्षर घोषणा कार्यक्रममा रु. २ लाख, रनिङ्ग शिल्डको युनिफर्ममा रु. ७८२३०।, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको खर्च रु. २६९९३५। , उद्योग वाणिज्य संघ महोत्सव रु. २ लाख, पत्राकार बैठक र भ्रमण रु. १ लाख भावनी माविको डि.पि.आर मा रु. ४ लाख, आन्तरिक आयमा रु. १६५३०५२। लगायत सानातिना खर्चमा समेत रु. ३६३१०२३। कन्टिजेन्सीबाट खर्च आम्दानी बाधेको छ ।

३५. **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले वाइफाई जडान रु. ४९३३२०। को खरिदमा सो गरेको पाइएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु.

४९३३२०.००

**झोलुङेपुल क्षेत्रविकास कार्यक्रम**

३६. **अधुरो योजना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । विरखेत झोलुङ्गे पुल निर्माण गर्न सिलवन्दी दरभाउपत्रबाट ३ वटा फर्म सहभागी भई मालिका इन्जिनियरिङ एण्ड मेकानिकल वर्क प्रा.लि. सँग रु. १४३६९१२। मा सम्झौता गरेको देखियो । उक्त पुल निर्माणको लागि वालुवा, गिटी संकलनको काम उपभोक्ता समितिलाई दिई रु. ६२५०३१। भूक्तानी गरेको देखियो । लेखापरीक्षण समयसम्म पुल निर्माण सुरुवात भएको देखिएन । यसरी आंशिक कार्य सम्पन्न भएको र मुख्य कार्य सम्झौता अनुसार नभएको देखिएको जिम्मेवार पक्षको पहिचान गरि आवश्यक कारवाही गर्नुपर्दछ ।

३७. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा आंशिक मात्र गरेको देखियो । नियमानुसार कर कट्टा गरी दाखिला हुनुपर्ने रु.

| भौ.न./मिति | विवरण | रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| २-०७५/७/१५ | सोलार प्यानल खरिद भ्याट भुक्तानी | ३८०००.० | ४९५०.० | मुअकर |
| २५८-०७६/३/२१ | रावत होटल | १०२२३०.० | १३८०२.० | १.५ मात्र कट्टा भएको |
| ३२०/२०७६.३.३० | पशु चौपाया डाटा संकलन वापत | ८३४५०.० | १२५१७.५ | १५ प्रतिशत कर कट्टा नगरेको |
| | **जम्मा** | | ३१२६९.५ | |

३१२६९.५०

३८. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ११३ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु ५६५४१७। भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

३९. **चाडपर्व खर्चः** प्रदेश सरकारले जारी गरेको सेवा सुविधा सम्वन्धी निर्देशिकामा चाडपर्वखर्च दिने व्यवस्था गरेको छैन । पालिकाले सो विपरित चाडपर्वखर्च वापत ३६ पदाधिकारीलाई १ महिनाको तलव सुविधा वरावर रु ३,००,०००।०० खर्च लेखेकोले असूल हुनुपर्ने रु.

| क्र.सं. | नाम | पद | रकम रू. |
|---|---|---|---|
| १ | श्री विर ब. रावल | वडा अध्यक्ष | २००००.०० |
| २ | श्री मिन ब. शाही | वडा अध्यक्ष | २००००.०० |
| ३ | श्री दिपक ब.रावत | वडा अध्यक्ष | २००००.०० |
| ४ | श्री हर्क ब. रावत | वडा अध्यक्ष | २००००.०० |
| ५ | श्री हर्क ब.रावत | वडा अध्यक्ष | २००००.०० |
| ६ | श्री कुम्भ नाथ योगी | वडा अध्यक्ष | २००००.०० |
| ७ | श्री खगेन्द्र ब. रावत | वडा अध्यक्ष | २००००.०० |
| ८ | श्री भिम ब. नेपाली | कार्यपालिका सदस्य | ८०००.०० |
| ९ | श्री रने दमाई | " " | ८०००.०० |
| १० | श्री धर्मा कुमारी बुढा | " " | ८०००.०० |
| ११ | श्री किडी सार्की | " " | ८०००.०० |
| १२ | श्री राजु रावत | " " | ८०००.०० |
| १३ | श्री महाविर रावल | वडा सदस्य | ५०००.०० |

३०००००.००

| | | | |
|---|---|---|---|
| १४ | श्री विर ब. रोकाया | वडा सदस्य | ५०००.०० |
| १५ | श्री तुल्छा देवी शाह | वडा सदस्य | ५०००.०० |
| १६ | श्री विष्ना वि.क. | " " | ५०००.०० |
| १७ | श्री प्रेम बुढा | " " | ५०००.०० |
| १८ | श्री बुदे बुढा | " " | ५०००.०० |
| १९ | श्री गौरा सुनार | " " | ५०००.०० |
| २० | श्री मन ब. धामी | " " | ५०००.०० |
| २१ | श्री तुल ब. खड्का | " " | ५०००.०० |
| २२ | श्री पुर्ण धार्मी | " " | ५०००.०० |
| २३ | श्री जौमती सुनार | " " | ५०००.०० |
| २४ | श्री सभम बहादुर बोगटी | " " | ५०००.०० |
| २५ | श्री कलक धामी | " " | ५०००.०० |
| २६ | श्री बुगडी मीजार | " " | ५०००.०० |
| २७ | श्री बुदे रावत | " " | ५०००.०० |
| २८ | श्री जित ब. बुढा | " " | ५०००.०० |
| २९ | श्री मान ब. विष्ट | " " | ५०००.०० |
| ३० | हर्क विष्ट | " " | ५०००.०० |
| ३१ | विमला सार्की | " " | ५०००.०० |
| ३२ | तुला देवी बुढा | " " | ५०००.०० |
| ३३ | श्री लाल ब. खडका | " " | ५०००.०० |
| ३४ | श्री रण ब. ओली | " " | ५०००.०० |
| ३५ | श्री मन्देवी ओली | " " | ५०००.०० |
| ३६ | पिउली ढोली | " " | ५०००.०० |
| जम्मा | | | ३०००००.०० |

| | | |
|---|---|---|
| ४०. | **सामाजिक परीक्षण:** नेश्नल हेल्थ भिजन केयर नेपाल धनगढीलाई ५ स्वास्थ्य चौकीको सामाजिक परीक्षण वापतरु. २००००। का दरले रु ९९९९९। खर्च लेख्दा वडा वाईज प्रतिवेदन पेश गर्नुपर्नेमा समष्टिगत प्रतिवेदनका आधारमा भुक्तानी दिएको देखिएकोले वडावाईज प्रतिवेदन पेश हुनुपर्ने रु. | ९९९९९.०० |
| ४१. | **निशुल्क औषधी:** औषधी खरिद वापत यसोदा फार्मेशीलाई रु ५०००००।०० खर्च लेखेकोमा निशुल्क औषधीको छाप लगाएको नदेखिएकोले निशुल्क वितरण गरिएको सुनिश्चित हुनुपर्दछ । | |
| ४२. | **अग्रिमकर : ५८-०७६।३।१६**कर कट्टा नगरेको: पालिका स्तरीय कक्षा ८ को वार्षिक परीक्षा संचालन गर्नका लागि प्रश्नपत्र निर्माण तथा मोडरेशन कार्यवापत रु ९ जनालाई २ दिनको १००० का दरले रु १८०००।०० को १५ प्रतिशत का दरले अग्रिमकर रु. २७००।०० कट्टा नगरी भुक्तानी दिएकोले असूल हुनुपर्ने रु | २७००.०० |
| ४३. | **बृक्षारोपण :** ३२८-०७६।३।२७ मिति २०७६।३।१६ मा वार्ड नं. ५ मा बृक्षारोपण गर्न ११२ जना लगाई दैनिक ज्यालादर रेट अनुशार ७००।०० का दरले ७८०००।०० खर्च लेख्दा १ दिनमा ११२ जनाले बृक्षारोपण गर्दा के कति विरुवा बृक्षारोपण गरेको हो र सो परीमाणको विरुवा प्राप्तीको श्रोत संलग्न नगरेकोले बृक्षारोपण तोकिए बमोजिम काम गरेको सम्वन्धमा यकिन गर्न नसकिएकोले कति विरुवा खरिद गरि कति जग्गामा लगाएको प्रमाण पेश हुनुपर्ने रु | ७८००.०० |
| ४४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम:** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु. ५०,५४,०००।०० विनियोजन भएकोमा रु. ४४,७१,६८४।०० खर्च गरि रु. ५८२३१६।०० बाँकी रहेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।<br>क) यस कार्यकममा रु ४४,७१,६८४।०० खर्च लेखेकोमा पालिका अन्तर्गत ३२० जनालाई १५ दिनको रु ७००। का दरले रु ३३,६६,०००।भुक्तानी गरेकोमा रु ११,०५,६८४। अन्य प्रयोजनमा खर्च गरेकोले प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत विनियोजित रकमको ६६।६० प्रतिशत खर्च भई बेरोजगार संख्याको २२ प्रतिशतले मात्र लाभ पाएको देखियो ।<br>ख) खर्च बाँकी रहको रु. ११०५६८४। को खर्च एकिन गरि प्राप्त भएका मालसामानको अगामी आर्थिक वर्षम प्रयोग गर्ने गरी दाखिला प्रमाण पेश गनुपर्ने देखिएको रु.<br>ग) रकम भुक्तनी गर्दा रोजगारदाताको खातामा रकम जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत संलग्न नराखी ३२० जनालाई १५ दिनको भरपाई गरि रु ३३,६६,०००। खर्च लेखेकोमा वास्तविक बेरोजगारले रकम पाएको सम्वन्धमा यकिन हुनुपर्दछ । | ११०५६८४.०० |
| ४५. | **बहुक्षेत्रीय पोषण कार्यक्रम:**<br>१००० दिनका आमालाई पशुजन्य प्रोटिनको उपलव्धता सम्वन्धी १ दिने तालिममा रु १५६४५०।०० खर्च लेखेकोमा १००० दिनका आमाहरुको तथ्यांकमा समावेश नभएका व्यक्तिलाई समावेश गरि कार्यक्रम गरेको भरपाई पेश गरेकोले लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुने नसकिएकोले कार्यक्रमले लक्षित उपलव्धी हासिल हुने सम्वन्धमा यकिन नहुने रु | १५६४५०.०० |

<table>
<tr><td>४६.</td><td>४।२०७५।१२।१५ १००० दिनका आमालाई प्रोटिन तथा पोषणमा सुधार ल्याउन १७५ जना आमालाई प्रतिआमा ५ चल्लाका दरले ८७५ कुखुरा चल्ला खरिद वापत ३१० का दरले रु २७१०००।०० खर्च लेखेकोमा १००० दिनका आमाहरुको तथ्यांकमा समावेश नभएका व्यक्तिलाई वितरण गरेको भरपाई पेश गरेकोले लक्षित वर्गलेनै पाएको सम्वन्धमा यकिन हुने नसकिएकोले सम्वन्धितले पाएको प्रमाण पेश हुनुपर्ने रु</td><td>२७१०००.००</td></tr>
<tr><td>४७.</td><td>प्रगती प्रतिवेदन संलग्न नगरेको: ३३१।२०७६।३।३१ बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक समिक्षा गोष्ठीमा २५ जनाको उपस्थिती जनाई रु २५०००। भत्ता वितरण गरि खर्च लेखेकोमा समीक्षा गोष्ठीमा प्रगती प्रतिवेदन संलग्न गरेको नदेखिएको रु</td><td>२५०००.००</td></tr>
<tr><td>४८.</td><td>पशुसेवा कार्यक्रमः<br>२७५। २०७६। ३। २३ मनास्लु एग्रोभेट कन्सर्न धनगढीलाई ३० थरीका औषधी खरिद वापत रु १,६०,०००।०० खर्च लेखि जिन्सी रजिष्टरमा आम्दानी देखाएकोमा केस वाईज भएको खर्च लेखांकन गरी मौज्दात घटाई बाँकी मौज्दात विवरण पेश हुनुपर्ने रु.</td><td>१६००००.००</td></tr>
<tr><td>४९.</td><td>वडा नं. ५ मा नागरिक वडापत्र राख्ने कार्यक्रमका लागि रु १०५०००। खर्च भएकोमा बडापत्र राखेको नदेखिएको रु</td><td>१०५०००.००</td></tr>
<tr><td>५०.</td><td>धरौटी : कार्यालयले पेश गरेको आर्थिक विवरण अनुशार मौज्दात रु ३८,१२,६१५।०० देखाएकोमा पालिकाले पेश गरेको व्यक्तिगत धरौटी विवरण अनुशार मौज्दात रु ३५,६८,७७८।०० देखाएको फरक मौज्दात रु २,४३,८३७।०० देखिएकोमा विगत साविक गा.वि.स.को जिम्मेवारी यकिन हुनुपर्ने अन्यथा सदरस्याहा गरि दाखिला हुनु पर्ने रु.</td><td>२४३८३७.००</td></tr>
<tr><td>५१.</td><td>विल भरपाई बेगरको खर्च :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न कर्मचारी दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्विकृत दिन भन्दा बढी दिनको रकम भुक्तानी गर्दा पेश भएको विल भन्दा बढि खर्च लेखेको छ । यसरी बढि खर्च लेखेको रकम सम्बन्धितबाट असुल उपर हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.न.मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>६२-०७४/०४</td><td>लेखापाल दान बहादुर थापा</td><td>२४००.०</td><td>तोकिएभन्दा २ दिन बढि</td></tr>
<tr><td>२.</td><td>१४-०७५/६/२४</td><td>क.अ. धनकृष्ण वि.क.</td><td>१३२०.०</td><td>तोकिएभन्दा १ दिन बढि</td></tr>
<tr><td>३.</td><td>१३-०७५/६/२४</td><td>कार्यालय सहायक रमेश व. रोकाया</td><td>१३२०.०</td><td>तोकिएभन्दा १ दिन बढि</td></tr>
<tr><td>४.</td><td>१३३-०७५/११/९</td><td>१० जनालाई बैठक भत्ता वितरण</td><td>२९०००.०</td><td>कार्यालय समयमा वैठक वसेको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३४०४०.०</td><td></td></tr>
</table></td><td>३४०४०.०</td></tr>
<tr><td>५२.</td><td>पेश्की : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अतः नियमानुसार पेश्की दिई समयमा फछ्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>वडा सदस्य श्री लाल बहादुर खड्का</td><td>३०००००.००</td><td></td></tr>
<tr><td>२.</td><td>आटिचौर स्वास्थ्य चौकी</td><td>१९००००.००</td><td></td></tr>
<tr><td>३.</td><td>गुदुखाती स्वास्थ्य चौकी</td><td>१९००००.००</td><td></td></tr>
<tr><td>४.</td><td>डोगडी स्वास्थ्य चौकी</td><td>१९००००.००</td><td></td></tr>
<tr><td>५.</td><td>जयवागेश्वरी स्वास्थ्य चौकी</td><td>१०००००.००</td><td></td></tr>
<tr><td>६.</td><td>काँडा स्वास्थ्य चौकी</td><td>१३००००.००</td><td></td></tr>
<tr><td>७.</td><td>छेडेदह गाँउपालिका</td><td>१५४१३०६.००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६४१३०६.००</td><td></td></tr>
</table></td><td>२६४१३०६.००</td></tr>
<tr><td>५३.</td><td>पाठ्यपुस्तक अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत रु.१५४१३०६। र २५ प्रतिशत पाठ्यपुस्तक वापत रु.७६५६५८।७४ समेत रु. २३०६९६४।७४ निकासा गरेकोमा पालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | वितरणको लगत समेत राखेको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अतः निकासा गरे बमोजिम वितरण गरेको भरपाई पेश गरिनु पर्ने रु. | २३०६९६४.७४ |
| ५४. | **आन्तरीक आय :**आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । यस अन्तर्गत नगदी रसिद प्रयोग गर्ने रसिद नियन्त्रण खाता राख्ने गोश्वारा भौचर उठाउने, आयको आम्दानी खातामा प्रविष्ट गर्ने बैक दाखिला गर्ने, आम्दानी दाखिला बैक हिसाव मिलान भिडान गर्नुपर्ने जस्ता विषयहरु पर्दछन् । कार्यालयले आन्तरिक आय आर्जन गर्दा कार्यालय र वडा वाइजको आम्दानी हिसाव रोखेको देखिएन । बैक भौचरका आधारमा मात्र आय देखाएको छ । आयका कुनै ठेक्कापट्टा लगाएको देखिएन । यसरी वडावाइज आम्दानी नभएको आय शिर्षक अनुसार आय नदेखिएको जोड जम्मा स्पष्ट नदेखिएको राजस्व अभिलेखका म.ले.प फारमहरु प्रयोग नगरी बैक दाखिला भौचरका आधारमा आय व्ययमा देखाएको आन्तरिक आय रु १७८६५०।७७ को विश्वसनिय आधार देखिएन । बैक दाखिला भौचरका आधारमा आय व्ययमा देखाएको आन्तरिक आय विनियोजन तर्फ रु १०,३०,०९,४२७।०० खर्च भएकोमा सो अनुपातमा आय ०.१७ प्रतिशत मात्र भएको देखिन्छ । आन्तरिक आय बढाउने सम्वन्धमा कर्मचारी कार्यालय व्यवस्थापन र पदाधिकारीहरुको ध्यान जानु पर्दछ । | |
| ५५. | **सामाजिक सुरक्षा भत्ता पाउनेको लगत** : सामाजिक सुरक्षा भत्ता वापत भुक्तानी गर्नुपर्ने व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अद्यावधिक गरी सो बमोजिम बैंक मार्फत भुक्तानी गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता रु.३१८६७०००।०० वितरण गर्दा व्यक्तिको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अभिलेख अद्यावधिक नगरी वितरण गरेको तथा भत्ता लाभग्राहीलाई नगदै वितरण गरेको अवस्था छ । सामाजिक सुरक्षाको लाभग्राहीको अभिलेख वेगर रकम भुक्तानी गर्दा वास्तविक लाभग्राहीले रकम पाएको सम्वन्धमा एकिन गर्न सकिएन । अतः लाभग्राहीको नाम ठेगाना सहितको विवरण तथा फोटो समेत (एम आइ एस लगत) अद्यावधिक गरी लाभग्राहीलाई वैक मार्फत रकम भुक्तानी गर्नु पर्दछ । नमूनाका रुपमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः<br>१. वार्ड नं. ७ को पहिलो र दोश्रो किस्तामा मृत्यू अभिलेख जनाएकोमा तेश्रो चौमासिकमा छुट भनि महिला तर्फ वसु रावत लाई रु ४०००। र मनमति रावत लाई रु २०००। भुक्तानी समेत जम्मा रु ६०००। वितरण गरेको भरपाई पेश गरेकोले भुक्तानी गर्ने आधार पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु | ६०००.०० |
| ५६. | **ग्रामीण जलश्रोत व्यवस्थापनपरियोजना तर्फ :**<br>यस परियोजना अन्तर्गत यस पालिकामा सञ्चालित कार्यकमहरु र योजनाहरुको कार्यान्वयनका शिलशिलामा जुन कार्यकम तेकिएको हो सोही कार्यकममा खर्च लेख्नुपर्नेमा उपभोक्ता समिति व्यवस्थापन लगायतका अन्य तालिम शिर्षकवाट विभिन्न योजनाहरुको पूर्व सम्भाव्यता अध्ययन भनि भ्रमण भत्ता संलग्न गरि सम्भाव्यता अध्ययन प्रतिवेदन संलग्न नगरि भ्रमण खर्च लेखेको फरक शिर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु | २४३१४.०० |
| ५७. | <u>**नपुग कर**</u> : <u>**३२५।२०७६।३।२१**</u> वडा नं. ७ को सहनाई वडामा सञ्चालित ३ महिने सिलाई कटाईको प्रशिक्षण पारिश्रमिक वापत सम्झौता अनुशार १५ प्रतिशत कर कट्टा गर्नेगरि भुक्तानी गर्ने उल्लेख भएकोमा प्रशिक्षकद्वय हर्क नेपाली र धनादेवी नेपालीलाई प्रशिक्षण दिएवापत ६९०००।०० भुक्तानी गर्दा १५ प्रतिशतका दरले रु १०३५०।०० कट्टा गर्नुपर्नेमा १० प्रतिशतले मात्र रु ६९००।०० कट्टा गरेको देखिएकोले नपुग कर रु ३४५०।०० दाखिला गर्नुपर्ने रु. | ३४५०.०० |
| ५८. | **प्रदेश सरकारबाट निकासा:**शिक्षा कार्यक्रमका लागि प्रदेश सरकारबाट निकासा भएको रु ६६००००।०० ३१ विद्यालयका कार्यालय सहयोगी र परिचर, ८ विद्यालयका लेखापाल र २७ ई.सि.डी. कार्यकर्तालाई रु १००००।०० का दरले अवधि र समय नखुलाई प्रोत्साहन खर्च लेखेको रु ६६००००।०० को अग्रिमकर १५ प्रतिशत रु ९९०००।०० कट्टा गरेको नदेखिएकोले दाखिला हुनु नपर्ने भए आधार पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु | ९९०००.०० |
| ५९. | **सम्परीक्षण** : महालेखापरीक्षकको प्रतिवेदन २०७५ मा समावेश भएको आर्थिक वर्ष २०७५/७६ को ब.शी.न. (राजस्व, विनियोजन/राजस्व/धरौटी) को बेरुजू सम्परीक्षणका लागि त्यस कार्यालयको च.नं. १०५, मिति २०७६।०५।२८ पत्रबाट अनुरोध भएकोमा फछ्र्यौट मनासिव देखि निम्नानुसार सम्परीक्षण गरी जानकारी दिने मिति २०७६।०५।२९ मा निर्णय भएकोले अनुरोध गर्दछु । | |

| बेरुजू दफा | बेरुजुको व्यहोरा | संक्षिप्त विवरण | सम्परीक्षण भएको रकम | कैफियत |
|---|---|---|---|---|
| २९ | तालिम संचालन गर्दा नर्म्स भन्दा वढि भुक्तानी | असुल भएको बैंक भौचर प्राप्त | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भएको विष्णुमाया पण्डितको रु. ११७००। र मिन महतको रु. १५२००। को असुल हुनुपर्ने | भएको आधारमा सम्परीक्षण भएको । | २६९००.०० | | | |
| | ३७ | नर्म्स भन्दा बढि प्रशिक्षार्थि भत्ता भुक्तानी भएको मिन महतको रु. १५२००। र चक्र बहादुर थापाको रु. ११२८८। असुल हुनुपर्ने | असुल भएको बैंक भौचर प्राप्त भएको आधारमा संपरीक्षण भएको । | १७४०८.०० | | | |
| | | **जम्मा** | | **४४३०८.००** | | | |

अनुसूची– १

## खप्तड छेडेदह गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | खप्तड छेडेदह गाउँपालिका | २९ | २९ | ३१२७९ | ० | ० | ० | २९ | २९ | ३१२७९ | ९९० | १८९४९ | ८६९७ | | | २८६३७ | ० | २६४१ | २६४१ |

## खप्तड छेडेदह गाउँपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | खप्तड छेडेदहगाउँपालिका | बाजुरा | १९२६८ | १०८४०० | २७५३६५ | ० | ३८३७६५ | ५३८६९ | १००६३० | २१९१३४ | ३७३६३४ | २९३९९ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| खप्तड छेडेदहगाउँपालिका | बाजुरा | २९८५३ | ४४ | २९८०८ | | ३१२७९ | ६१०८७ |